**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले राष्ट्रगीत **वंदे मातरम को** रचनाको 150 औ वर्षको उपलक्ष्यमा देशभरि विशेष आयोजन हुने बताउनु भएको छ।

- केंद्रीय गृह एवं सहकारिता मंत्री अमित शाहले आज मुंबईको मझगांव बंदरगाह गोदीमा गहिरो समुद्रमा माछा पक्रने अत्याधुनिक नौका वितरित गर्नुहुनेछ।

- विदेश मंत्री डॉ. एस. जयशंकरले आज मलेशियाको क्वालालंपुरमा 20 औ पूर्वी एशिया शिखर सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ।

- वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयल आज दुइ दिने बेल्जियम यात्राको निम्ति ब्रसेल्स पुग्नुहुनेछ|

- चीनले बताए अनुसार चीन अनि अमरीका एक संभावित व्यापार समझौतामा बुनियादी सहमतिमा पुगेको छ।

**प्रधानमंत्री मन की बात - वन्दे मातरम**

राष्ट्रगीत **वंदे मातरम को** रचनाको 150 औ वर्षको उपलक्ष्यमा देशभरि विशेष आयोजन हुने भएको छ। हिजो आकाशवाणीबाट प्रसारित **मन की बात** मा प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो, यस वर्ष 7 नवम्बरलाई राष्ट्रगीत वन्दे मातरम रचनाको 150 औ वर्षमा प्रवेश गर्नेछ। सात नवंबर 1876 मा महान उपन्यासकार बंकिमचन्द्र चैटर्जीले यस गीतको रचना गर्नुभएको थियो अनि यसलाई आफ्नो उपन्यास आनंद मठमा सामेल गर्नुभएको थियो। गुरुदेव रविन्द्र नाथ टैगोरले पहिलो चोटी 1896 मा यसलाई गाउनु भएको थियो|

प्रधानमंत्री नरेन्द्र मोदीले सबैलाई वंदे मातरमको 150 औ वर्षलाई अविस्मर्णीय बनाउने आग्रह ग्रुन्हुन्दै भन्नुभयो आउने दिनहरुमा देशमा यससित संबंधित अनेक कार्यक्रम आयोजित गरिनेछ।

**बाइट- पीएम मोदी- से.**

प्रस्तुत छ हाम्रो संवाददाताले राष्ट्र गीत वन्दे मातरमको इतिहासमाथि तयार परेको एक रिपोर्ट।

**अमित शाह-मुंबई**

केंद्रीय गृह एवं सहकारिता मंत्री अमित शाहले आज मुंबईको मझगांव बंदरगाह गोदीमा गहिरो समुद्रमा माछा पक्रने अत्याधुनिक नौका वितरित गर्नुहुनेछ। यस पहल सहकारी क्षेत्रमा ऐतिहासिक माइलखुट्टी साबित हुने तथा माछा पालनमा आत्मनिर्भरता, स्थिरता अनि सहकारी समितिहरुलाई सशक्त बनाउने देशको प्रतिबद्धताको प्रतीक बन्नेछ।

प्रधानमंत्री मत्स्य संपदा योजना अन्तर्गत महाराष्ट्र सरकार, राष्ट्रीय सहकारी विकास निगम अनि भारत सरकारको माछा पालन विभागको वित्तीय सहयोगबाट लाभार्थिहरुलाई यी नौका प्रदान गरिनेछ। हरेक नौकाको मूल्य एक करोड़ बीस लाख रुपियाँ रहेको छ। यो पहल आत्मनिर्भर भारतको लक्ष्यलाई साकार गर्ने अनि समुद्री अर्थव्यवस्थालाई बलियो बनाउने सरकारको प्रतिबद्धताको प्रमाण हो।

**छठ पर्व**

लोकआस्थाको महापर्व छठको आज तेस्रो दिन हो। हिजो बेलुकीदेखि शुरु निर्जला उपवासमा आज श्रद्धालु व्रती अस्ताचलगामी सूर्यलाई श्रद्धा-अर्घ्य अर्पित गर्नेछन्। भोलि उदीयमान सूर्यलाई अर्घ्य अर्पण गरे पछि चार दिनको यस पावन अनुष्ठान संपन्न हुनेछ।

## अंतर्राष्ट्रीय सौर गठबंधन

अंतर्राष्ट्रीय सौर गठबंधन सभाको आठ औ सत्र आज भारतको आयोजनमा नयाँ दिल्लीको **भारत मंडपममा** शुरू हुनेछ। 30 अक्तूबरसम्म चलने यस सत्रमा अंतर्राष्ट्रीय सौर गठबंधनका 124 सदस्य देशले भाग लिनेछ। वैश्विक समुदायको असल भविष्यका लागि सौर ऊर्जा अपनाउने प्रयासहरुमा सहयोग बढ़ाउने माथि विचार-विमर्श हुनेछ। सदस्य देश गठबंधनका प्रयासहरुमा प्रगति अनि चुनौतिहरुमा विचार गर्नेछ अनि **सबैका लागि सुलभ ऊर्जा** को लक्ष्य हासिल गर्न समन्वय बढ़ाउने छ। सदस्य देश सौर ऊर्जाको क्षमताको भरपूर उपयोग गर्ने प्रधानमंत्री नरेंद्र मोदीको लक्ष्य हासिल गर्नमा ध्यान केंद्रित गर्नेछ।

## विदेश मंत्री-पूर्वी एशिया शिखर सम्मेलन

विदेश मंत्री डॉ. एस. जयशंकर आज मलेशियाको क्वालालंपुरमा 20 औ पूर्वी एशिया शिखर सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नु हुनेछ। यस सम्मेलन विश्व नेताहरुलाई हिन्द-प्रशांत क्षेत्रमा शांति, स्थिरता अनि समृद्धिको मार्गमा आउने चुनौतिहरुमाथि व्यापक विचार-विमर्शको अवसर दिनेछ। बैठक अवधि क्षेत्रीय अनि अंतर्राष्ट्रीय घटनाक्रमहरुमाथि पनि चर्चा हुनेछ।

## जयशंकर- पूर्वी एशिया शिखर सम्मेलन

विदेश मंत्री डॉ. एस. जयशंकरले आज मलेशियाको क्वालालंपुरमा 20 औ पूर्वी एशिया शिखर सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ। यस सम्मेलन विश्व नेताहरुलाई हिन्द-प्रशांत क्षेत्रमा शांति, स्थिरता अनि समृद्धिको मार्गमा आउने चुनौतिहरुमा व्यापक विचार-विमर्शको अवसर प्रदान गर्नेछ। बैठक अवधि क्षेत्रीय अनि अंतर्राष्ट्रीय घटनाक्रमहरुमा चर्चा हुनेछ।
डॉ. जयशंकरले हिजो क्वालालंपुरमा 47 औ आसियान शिखर सम्मेलन भन्दा फरक एक बैठकमा सिंगापुरका विदेश मंत्री विवियन बालाकृष्णनसित भेट गर्नुभयो तथा क्षेत्रीय अनि अंतर्राष्ट्रीय मुद्दाहरुमा विचार-विमर्श गर्नुभयो। दुइ देश बीच सहयोग बढ़ाउने उपायहरुमा पनि चर्चा भयो।
विदेश मंत्री जयशंकरले मलेशियाका प्रधानमंत्री अनवर इब्राहिमसित पनि भेंट गर्नुभयो अनि द्विपक्षीय सहयोग बढ़ाउनेमा बातचीत गर्नुभयो।

## जीएसटी सुधार- कृषि

वस्तु अनि सेवा कर बचत उत्सवको लाभ समाजका सबै वर्गसम्म पुगिरहेको छ। प्रधानमंत्री नरेन्द्र मोदीले 22 सितंबरदेखि लागु भएको नयाँ जीएसटी दरलाई बचत उत्सवको नाम दिनु भएको छ। खाद्य पदार्थहरुमा नयाँ जीएसटी दरहरु आम मानिसहरुलाई कसरी सहयोगी साबित भइरहेको छ, सोहि बारे आज प्रस्तुत छ हाम्रो संवाददाताको यो रिपोर्ट –

## गोयल-बेल्जियम यात्रा

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयल आज दुइ दिने बेल्जियम यात्राको निम्ति ब्रसेल्स पुग्नुहुनेछ श्री गोयल यूरोपीय संघका कार्यकारी उपाध्यक्ष अनि यूरोपीय व्यापार आयुक्त मारोस सेफ्कोविकसित उच्च स्तरीय वार्ता गर्नुहुनेछ।
यो यात्रा भारत-यूरोपीय संघ मुक्त व्यापार समझौतामा जारी वार्ताको महत्वपूर्ण चरणमा भइरहेको छ। दुवै पक्ष व्यापक, संतुलित अनि परस्पर लाभकारी व्यापार समझौतामा हस्ताक्षर गर्ने प्रयासहरुलाई तिब्रता दिन जुटेको छ। यस समझौताका लागि यसै महीनाको शुरुमा 14 औ चरणको वार्ता भयो। श्री गोयलको यस यात्राको उद्देश्य वार्तालाई रणनीतिक दिशा अनि राजनीतिक गति प्रदान गर्नु हो।

## अमरीका-चीन व्यापार समझौता

चीनले बताए अनुसार चीन अनि अमरीका एक संभावित व्यापार समझौतामा बुनियादी सहमतिमा पुगेको छ। चीनी मीडिया

अनुसार, यो सहमति कुआलालंपुरमा दक्षिण पूर्व एशियाई राष्ट्र संघ शिखर सम्मेलन अवधि चीनी उप प्रधानमंत्री हे लिफेंग अनि वित्त मंत्री स्कॉट बेसेंट तथा अमरीकी व्यापार प्रतिनिधि जेमीसन ग्रीरको नेतृत्वमा अमेरिकी प्रतिनिधिमंडल बीच दुइ दिनसम्म चलेको बातचीत पछि बनेको हो। लिफेंगले चर्चालाई स्पष्ट, गहन अनि रचनात्मक बताउनु भयो। चीनी उप प्रधानमंत्रीले भन्नुभयो चीन र अमरीका बीच आर्थिक संबंधहरुको सार पारस्परिक लाभ अनि दुवै पक्षका लागि जीत हो।

****** ० ******